# शुभकामना

नेपालीहरुको महान चाड शुभ विजयादशमी तथा दिपावली, छठ पर्व–२०७७ को पावन अवसरमा हाम्रा समस्त शेयरधनी एवं शुभचिन्तकहरुमा सुख, शान्ति सम्बृद्धीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री हितमान गुरुङ्
अध्यक्ष एवम्
दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा–१२, कास्की

## संस्थाका शेयर सदस्यहरुले जानकारी राख्नुपर्न विषयहरु:

१. बचत तथा कर्जा बुझाउन सकभर आफै उपस्थित हुने गरौं र कारोबार गरेपछि आफ्नो बचत तथा ऋण पासबुक संस्थाको खातामा भिडाउने गरौं ।
२. संस्थाले रकम संकलन गरी के–के कार्यमा कसरी खर्च गरेको छ थाहा पाइराखौं ।
३. संस्थाले भरपर्दो आम्दानी नगरी कुनै अनावश्यक खर्च गरेको छ कि थाहा पाईराखौं । त्यस्तो गरेको पाइएमा नियन्त्रण गराउन पहल गरौं ।
४. प्रत्येक बर्ष लेखा परीक्षण गरेको नगरेको जानकारी लिऔं ।
५. संस्थाबाट लिएको श्रण आयमूलक कार्यमा लगाई आम्दानीको स्रोत बढाऔं ।
६. प्रत्येक सदस्यहरुको सहकार्यमा संस्था अगाडी बढ्ने हुँदा रचनात्मक सुझव लिई संस्थालाई प्रगती तर्फ बढाऔं ।
७. संस्थाका पदाधिकारी र कर्मचारीले गरेको कार्यको जानकारी राखौं ।
८. आफ्नो बालबालिकाको फजुल खर्च रोकी उनीहरुको भविष्य उज्वल बनाउन आजैबाट बाल बचत कार्यक्रममा सहभागी बनौं ।
९. संस्थाले आयोजना गर्ने कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाऔं ।
१०. संस्थाले प्रवाह गर्ने सेवा तथा सुविधा बारे आफुले पनि बुझौं अरुलाई पनि जानकारी गराऔं ।

दर्ता नं.: ५७२/०६५/६६
स्थायी लेखा नं.:३०३४४३४७४

सहकारी ऐन २०४८ अर्न्तगत स्थापित

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

# DOODH POKHARI SAVING & CREDIT CO-OPERATIVE LTD.

पोखरा–१२, माटेपानी
स्थापित:२०६५

# १२ औं वार्षिक प्रतिवेदन

०७६/०७७

# वार्षिक साधारण सभा

२०७७ कार्तिक १३ देखि २२ गतेसम्म

फोन नं.:०६१–५२५०६६
ईमेल:dpsco12@gmail.com



सहकारी ऐन २०४८ बमोजिम स्थापित
दर्ता नं.:५७२/०६५/०६६
दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.
DOODH POKHARI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
पो.ले.म.न.पा.-१२, माटेपानी
संचालक समितिका पदाधिकारीहरू २०७४ देखि २०७७ सम्म
अध्यक्ष
श्री हितमान गुरुङ्ग
उपाध्यक्ष
सु. श्री जङ्ग प्रसाद गुरुङ्ग
सचिव
श्री कौशिला गुरुङ्ग
कोषाध्यक्ष
क्या.श्री शमशेर गुरुङ्ग
सह-सचिव
श्री लोक कुमारी गुरुङ्ग
सदस्य
सु. श्री खिम बहादुर गुरुङ्ग
सदस्य
श्री खिम कुमार गुरुङ्ग
सदस्य
श्री जमुना श्रेष्ठ
सदस्य
श्री दान बहादुर गुरुङ्ग
सदस्य
सु.श्री हर्क बहादुर गुरुङ्ग
सदस्य
श्री नारायण प्रसाद गुरुङ्ग
लेखा समिति
संयोजक
श्री देवीजङ्ग गुरुङ्ग
सदस्य
श्री रमादेवी कार्की
सदस्य
श्री गौरीदेवी सापकोटा
ऋण लगानी तथा असुली उपसमिति
संयोजक
सु. श्री जंग प्रसाद गुरुङ्ग
सदस्य
श्री दिनेश गुरुङ्ग
सदस्य
श्री देवेन्द्रराज पौडेल
शिक्षा उपसमिति
संयोजक
श्री खिम कुमार गुरुङ्ग
सदस्य
श्री ईन्द्र कुमारी गुरुङ्ग
सदस्य
श्री बाल कुमारी गुरुङ्ग
बजेट तथा योजना तर्जुमा उपसमिति
संयोजक
सु.श्री हर्क बहादुर गुरुङ्ग
सदस्य
श्री पोल बहादुर गुरुङ्ग
सदस्य
श्री यो माया गुरुङ्ग
प्रबन्धक निर्देशक
श्री दुधकाशी गुरुङ्ग




दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.
DOODH POKHARI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
पोखरा-१२, माटेपानी
संस्थामा कार्यरत कर्मचारीहरू
दुध काशी गुरुङ्ग
प्रबन्धक
असोक बस्नेत
ऋण अधिकृत
मंजिता गुरुङ
क्यासियर
खिम गुरुङ्ग
बचत संकलन केन्द्र ईन्चार्ज
उर्मिला गुरुङ्ग
रेसिप्सन
पदम गुरुङ्ग
ऋण सहायक
रविना सिंह ठकुरी
बजार प्रतिनिधि
चिन्ता गुरुङ्ग
बजार प्रतिनिधि
कविता गुरुङ्ग
बजार प्रतिनिधि
लेख बहादुर गुरुङ्ग
कार्यालय सहायक
खरसुब्बा गुरुङ्ग
कार्यालय सहयोगी
चन्द्र बहादुर गुरुङ्ग
सुरक्षा गार्ड

# विषयसूची


| क्र.सं. | विवरण | पेज |
|---|---|---|
| १. | राष्ट्रिय गान तथा सहकारीका सात सिद्धान्तहरु | १ |
| २. | कार्यक्रम तालिका | २ |
| ३. | १२ औं साधारण सभामा उपस्थितिको निमन्त्रणा | ३ |
| ४. | अध्यक्षको मन्तव्य | ४–६ |
| ५. | सचिवको प्रतिवेदन | ७–१२ |
| ६. | कोषाध्यक्षको २०७६/७७ को आर्थिक प्रतिवेदन तथा २०७७/७८ को प्रस्तावित बजेट | १३–२५ |
| ७. | लेखा संयोजकको वार्षिक प्रतिवेदन | २६–२८ |
| ८. | लेखा परिक्षण प्रतिवेदन | २९–४४ |
| ९. | विगत ३ वर्षको आर्थिक गतिविधिहरु | ४५–४६ |
| १० | टिपोट | ४७ |



# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ॥

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरुका रगतले स्वतन्त्र र अटल ॥

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ॥

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥

## सहकारीका सात सिद्धान्तहरू

- स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntry & Open Membership)
- सदस्यताद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Control Member)
- सदस्यहरुको आर्थिक सहभागिता (Member's Economic Participation)
- स्वायत्तता तथा स्वतन्त्रता (Autonomy Independence)
- शिक्षा, तालिम तथा सूचना (Education Training & Information)
- सहकारीहरु बिच सहयोग (Co-operation among Co-operatives)
- समुदाय प्रति चासो (Concern for Community)

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा १२, माटेपानी

## १२ औं वार्षिक साधारण सभा २०७७ को कार्यक्रम

## २०७७ कार्तिक १३ विहीबार देखि २२ गते शनिबारसम्म

## कार्यक्रम तालिका

| क्र.सं. | मिति | समय | कार्यक्रम विवरण |
|---|---|---|---|
| १. | २०७७/०७/१३ देखि २१ सम्म | विहान ११:०० देखि ४:०० बजेसम्म | रजिष्ट्रेशन तथा उपस्थिति पुस्तिकामा हस्ताक्षर सुझाव संकलन |
| २. | २०७७/०७/२२ गते | ११:०० देखि ११:१५ | आसन ग्रहण |
| ३. | | ११:१५ देखि ११:३० | राष्ट्रिय गान, सात सिद्धान्त, स्वागत मन्तव्य र कार्यक्रम उद्घाटन |
| ४.. | | ११:३० देखि ११:३५ | अध्यक्षको मन्तव्य |
| ५. | | ११:३५ देखि ११:४५ | शुभकामना मन्तव्य |
| ६. | | ११:४५ देखि १२:०० | सम्मान कार्यक्रम |
| ७. | | १२:०० देखि १२:०५ | प्रमुख अतिथीको मन्तव्य |
| ८. | | १२:०५ देखि १२:१५ | मायाको चिनो वितरण |
| बन्द सत्र | | | |
| ९. | २०७७/०७/२२ गते | १२:०० देखि १२:३० | सचिव, कोषाध्यक्ष प्रतिवेदन, लेखा समिति संयोजकको प्रस्तुत, छलफल तथा निर्णय |
| १०. | | १२:३० देखि १२:४५ | यस संस्थाको विनियम संशोधन र पुनर्लेखनको लागि अख्तियारी सम्बन्धमा छलफल र निर्णय |
| ११. | | १२:४५ देखि ०१:१५ | सबै प्रतिवेदन माथि छलफल |
| १२. | | ०१:१५ देखि ०१:३० | आर्थिक वर्ष २०७६/७७ को लागि लेखा परिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण |
| १३. | | ०१:३० देखि ०१:४० | सभाको निर्णय पूस्तिकामा हस्ताक्षर गर्न २ जना सदस्यको मनोनयन |
| १४. | | ०१:४० देखि ०२:०० | खाजा तथा समापन |

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

**पोखरा-१२, माटेपानी**

**स्था: २०६५**

## विषयः १२ औं साधारण सभामा उपस्थिति हुने बारे ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

यस दूधपोखरी बचत तथा ऋण सहकारी संस्था लि.पोखरा १२, माटेपानीको यहि मिति २०७६ भदौं ८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार १२ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा उपस्थिति हुन हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरुः**

१. संचालक समितिको तर्फबाट संस्थाको अध्यक्षज्यूबाट प्रस्तुत प्रतिवेदन ।
२. आ.व. २०७६/७७ को सचिवको प्रतिवेदन प्रस्तुत र पारित ।
३. लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकज्यूको प्रतिवेदन उपर छलफल र अनुमोदन ।
४. आ.व. २०७६/०७७ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा प्रस्तुत प्रस्तावित २०७७/०७८ को बजेट तथा कार्यक्रम पारित ।
५. आ.व. २०७६/०७७ का लेखा परिक्षकको प्रतिवेदन उपर छलफल र अनुमोदन ।
६. आ.व. २०७७/०७८ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. आ.व. २०७६/०७७ को मूनाफाबाट शेयर लाभाँश वितरण प्रस्ताव पारित गर्ने ।
८. विनियम संशोधन तथा पुनर्लेखनको लागि अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
९. नीति र कार्य संचालन कार्यविधि अनुमोदन सम्बन्धमा ।
१०. सहकारी एकीकरण सम्बन्धमा अख्तियारी प्रदान गर्ने ।
११. सेवा केन्द्र स्थापना तथा संचालन गर्ने सम्बन्धमा ।
१२. संचालक समिति तथा लेखा सुपरिबेक्षण समितिको म्यााद थपगर्ने सम्बनधमा ।
१३. साधारण सभामा निर्णय पुस्तिकामा हस्ताक्षर गर्न २ जना प्रतिनिधि चयन गर्ने ।
१४. विविध

**कार्यक्रमः**

मिति : २०७७ कार्तिक १३ देखि २२ गतेसम्म
समय : १३ गते देखि २१ गतेसम्म ११ देखि ४ बजेसम्म र २२ गते शनिबार बिहान ११:०० देखि २:०० बजेसम्म
स्थान : संस्थाको कार्यालय पोखरा-१२, शितलादेबी
सम्पर्क : ०६१-५२५०६६, ९८५६०३९५३८

सचिव
कौशिला गुरुङ्ग

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा-१२, माटेपानी
स्था: २०६५

## १२ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री हितमान गुरुङ्गज्यूको मन्तव्य

१२ औं वार्षिक साधारण सभा कार्यक्रमका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, शेयर सदस्यज्युहरु, लेखा समितिका साथीहरु, सल्लाहकारज्यूहरु, विभिन्न उप-समितिका पदाधिकारीज्यूहरु, कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुमा मेरो व्यक्तिगत तथा संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिबादन ब्यक्त गर्दछु ।

स्थानीय तहमा उपलब्ध पूँजीलाई बचतको माध्यमबाट एकिकृत गरी उक्त पूँजीको परिचालनबाट संस्थामा संलग्न सदस्यहरुको आर्थिक, सामाजिक तथा शैक्षिक स्तरलाई माथि उठाउँदै दिगो र उन्नत भविश्यको लागि आत्मनिर्भरता बनाउने अभिप्रायले वि.सं. २०६५ मंसिर २३ गते तत्कालिन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीमा विधिवत रुपमा दर्ता गरी दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना गरेको हो ।

स्थानीय व्यक्तिहरुको स्व-ऐच्छिक सहभागिताबाट उनीहरुको समान आर्थिक, सामाजिक र शैक्षिक आवश्यकताहरु परिपूर्ति गर्नको लागि सामुहिक स्वामित्व, सुशासन र प्रजातान्त्रिक ढंगबाट नियन्त्रित स्वायत्त संस्था नै सहकारी हो । मानव सभ्यताको प्रारम्भिक कालदेखि नै सामुहिक सहकार्यको विकास तथा अभ्यास हुँदै आएको तथ्य सबैलाई अवगत नै छ । एक जना ब्यक्तिको प्रयासले मात्र हाम्रा आवश्यकताहरु पूर्ति गर्न सम्भव छैन । सामूहिक सोच, प्रयास, छलफल, सहकार्य, निर्णय र नेतृत्वको खाँचो पर्दछ । **"म होइन हामी, मेरो होइन हाम्रो, एक जनाको लागि होइन सबैंका लागि"** भन्ने मन्त्र र भावनाबाट अभिप्रेरित भई सदस्यहरुको वित्तीय तथा गैह-वित्तीय आवश्यकताहरु पुरा गदैं समृद्ध समाज तथा राष्ट्र निर्माणको लागि धन सृजना गरी सदस्यहरुको आर्थिक स्थिति फराकिलो तथा मजबुत बनाउने काम सहकारीले गर्छ ।

सहकारीको राष्ट्रिय तथा बिश्वब्यापी अवधारणालाई ब्यवहारमा मूर्तरुप दिदै सदस्यहरुको आर्थिक, सामाजिक एवं शैक्षिक तथा अल्पकालिन र दिर्घकालिन वित्तीय तथा गैह्र-वित्तीय उद्देश्यहरु परिपूर्ति गर्नका लागि समावसेबी तथा यस संस्थाका वरिष्ठ सदस्य श्रीमती रसकुमारी गुरुङको नेतृत्वमा स्थापना गरिएको यस दूध पोखरी सहकारीले वि.सं. २०६५ बाट वित्तीय कारोबर गर्दै आएको कुरा यहाँहरु सबैं सदस्यहरुलाई अवगत नै छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी मूल्य, मान्यता र सिद्धान्त, स्थानीय, प्रादेशिक तथा संघीय सरकारको सहकारी सम्बन्धि ऐन, नियम, विनियम, नीति र कार्यविधि तथा कार्य योजनाबाट निर्देशित हुँदै सदस्यहरुको आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रको बिकासमा योगदान गर्दै समाज परिर्वतनको पवित्र कार्यमा सम्पूर्ण सदस्यज्यूहरुको सक्रिय सहयोग र सहभागिताले संस्थालाई समुदायको दिगो विकासको लागि उत्कृष्ट सहकारीको रुपमा विकास गर्न सहयोग पुग्ने विश्वास हामीले लिएका छौं । शेयर सदस्यहरुलाई संस्थाले प्रदान गर्ने सम्पूर्ण सेवाहरु घर दैलोमा पुऱ्याउने, वित्तीय परामर्श, तालिम, सहकारी शिक्षा, आयमुलक सम्बन्धि तालिम, स्वास्थ्य सम्बन्धि सचेतना लगायतका सेवा तथा कार्यक्रमहरु दूध पोखरी सहकारीले संचालन गर्दै आएको व्यहोरा यहाँहरुलाई पुनः स्मरण गराउन चाहन्छु ।

पूर्ण सुशासन, पारदर्शिता, व्यवसायिक तथा कार्य कुशलता, दिगो तथा गुणस्तरीय साकोस, नीति, विधि तथा प्रबिधिबाट निर्देशित भई नमुना साकोस बनाउने अभियानमा हामी निरन्तर रुपमा लागि परेका छौं । हाम्रो अभियानलाई अझ प्रभावकारी बनाउन नेपाल सरकार तथा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफस्कुन) ले संयुक्त रुपमा प्रवर्द्धन तथा कार्यान्वयनमा ल्याएको प्रोबेसन ब्राण्ड (PROBATION Brand) कार्यक्रममा हाम्रो साकोस सकृया रुपमा सहभागी भएको व्यहोरा सदस्यहरुलाई पुनः अवगत गराउन चाहन्छु । यो कार्यक्रममा सहभागी हुनुको मूल उद्देश्य नेपाल गुणस्तर चिन्ह (Brand) पाउनु रहेको छ । हाम्रो संस्थाको वित्तीय अवस्था, सदस्यहरुको विवरण, आन्तरिक व्यवसायिक परिवेश, निरन्तर सिकाई तथा वृद्धिको अवस्था, व्यवसायिक दक्षता तथा कार्यकुशलता, समन्वय तथा सहभागिता र कमजोरी तथा चुनौतिहरु जस्ता महत्वपूर्ण क्षेत्रहरुलाई समेटेर नेफस्कुनबाट नियमित रुपमा अनुगमन, सल्लाह र सुझावहरु प्राप्त गर्दै आएको छ ।

विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को असर चौतर्फी रुपमा परेको कुरा यहाँहरुलाई अवगत नै छ । नेपाल सरकारले कोरोना भाइरस देशव्यापी रुपमा फैलिनबाट नियन्त्रण गर्नको लागि विभिन्न सुरक्षात्मक उपायहरु लागु गरेको छ । २०७६ चैत्र ११ गते मंगलबारबाट लागु गरेको बन्दाबन्दी (Lockdown) २०७७ श्रावण ७ गतेबाट फुकुवा गरेपनि देशभित्र क्षेत्रगत हिसाबले निशेधाज्ञा जारी नै रहेको छ । यो बिषम परिस्थितिले सिर्जना गरेको नकारात्मक असरबाट हाम्रो संस्था अछुतो रहने कुरै भएन । संस्थाको दैनिक कारोबारमा प्रत्यक्ष प्रभाव परेको छ । विशेषगरी संस्थाले संकलन गरेको बचत तथा ऋण लगानीमा असन्तुलन तथा लगानीमा रहेको ऋणमा उठ्नु पर्ने व्याज तथा साँबा रकम उठाउन कठिनाई भइरहेको छ । यसबाट संस्थाको आम्दानीमा प्रत्यक्ष प्रभाव परिरहेको छ । महामारीको अवस्थामा पनि संस्थाले अधिकतम सुरक्षाका उपायहरु अपनाएर सदस्यहरुलाई सेवा तथा सुबिधाहरु प्रदान गर्दै आइरहेको छ । विश्वलाई नै अक्रान्त

बनाइरहेको कोरोना भाइरसबाट चाँढै छुटकारा पाउने सम्भावना नभएकोले **आफु पनि बच्ने/बाँच्ने तथा अरुलाई पनि बचाउने** मन्त्रलाई मनन गर्दै संस्थाबाट सदस्यहरुलाई प्रदान गरिने सेवा र सुबिधालाई निरन्तरता दिनेछ ।

कोरोना कहरले गर्दा उत्पन्न भएको जटिल परिस्थितिमा विगतका वर्षहरुमा जस्तो साधारण सभा तथा अधिवेशन कार्यक्रम गर्न सम्भव नभएकोले नेपाल सरकारको सहकारी बिभागबाट २०७७ असोज १ गते जारी भएको निर्देशन अनुसार विभिन्न बैकल्पिक उपायहरुमध्ये समूह समूहमा संस्थाको कार्यालयमा उपस्थित भई २०७७ कार्तिक १३ गते बिहिबारबाट शुरु गरी कार्तिक २२ गते शनिबार साधारण सभा सम्पन्न गर्ने निर्णय गरेको छ ।

आदरणीय शेयर सदस्यहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यहरु, सल्लाहकारहरु, समिति तथा उप-समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको निरन्तर माया, ममता, बिश्वास, सहयोग, ईमानदारिता तथा सहभागिताबाट हाम्रो साकोसले आ.व. २०७७ को मसान्तमा रु. ५१.५६ करोडको वासलात (Balance Sheet) बनाउन सफल भएको छ । विस्तृत विवरण उपलब्ध प्रतिवेदनमा संलग्न छ । सदस्यहरुबाट उठेका जिज्ञासा तथा प्रश्नहरु आगामी दिनहरुमा छलफल तथा प्रष्टिकरण गरिनेछ ।

अन्तमा, हाम्रो साकोस यो स्थानसम्म ल्याई पुऱ्याउन महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने आदरणीय सल्लाहकार सदस्यहरु, लेखा समिति, समिति, उप-समितिका सदस्यहरु लगायत सम्पूर्ण शेयर सदस्यहरुको रचनात्मक सल्लाह र सुझाव सहित संस्थालाई अगाडि बढाउन मार्ग दर्शन प्रदान गर्नु हुनेछ भन्ने अपेक्षा राख्दै वि.सं. २०७७ सालको बडा दशै, दिपावली, छठ तथा अन्य पर्वहरुको उपलक्ष्यमा समस्त शेयर सदस्यहरु, शुभचिन्तक लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी
धन्यबाद !

अध्यक्ष
दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.
१३-२२ कार्तिक २०७७

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा-१२, माटेपानी

स्था: २०६५

## १२ औं बार्षिक साधारण सभामा सचिव श्री कौशिला गुरुङ्गद्वारा प्रस्तुत प्रतिवेदन

यस गरिमामय साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विषेश अतिथिज्यूहरु, संचालक समिति र उप-समितिका पदाधिकारीज्यूहरु, यहाँ उपस्थित सम्पूर्ण शेयरधनी सदस्यज्यूहरु, पत्रकार मित्रहरु, यहाँहरु सबैमा यस संस्थाको सञ्चालक समिति र मेरो तर्फबाट हार्दिक स्वागत र अभिवादन गर्न चाहन्छु ।

सहकारी सिद्धान्त र मूल्य-मान्यतामा आधरित सामुहिक स्वामित्व र प्रजातान्त्रिक प्रणालीबाट नियन्त्रित र निर्देशित स्वायत्त उद्यम नै पारदर्शिता र समानताको अर्को व्यवसाय हो । स्थानीय स्तरमा छरिएर रहेको साना-साना पूँजीलाई संकलन गरी स्थानीय तहमै प्रयोग गरी आफ्ना आवश्यकताहरु परिपूर्ति गर्ने, उद्यमी र व्यवसायी बनाउने राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकारीको सिद्धान्त अनुसार आर्थिक जीवन स्तरलाई उकास्ने र आत्मनिर्भर बनाउने अभिप्रायले २०६५ सालमा स्थापित यस दूध पोखरी बचत तथा ऋण सहकारी संस्था आज १२ औं बर्षमा प्रवेशको संघारमा यो साधारण सभा हुन गई रहेको पाउँदा हामी सबै खुसी छौं ।

विश्व भरी फैलिएको कोभिड - १९ को महामारीको कारणले गर्दा विगतका वर्षहरुमा झै यस वर्ष योजना गरिएका कतिपय कार्यक्रमहरु गर्न नसकिरहेको कुरा सबैलाई थाहा भएकै कुरा हो । हरेक वर्ष संस्थाको शेयर सदस्यहरुलाई अध्ययन भ्रमण, बनभोज कार्यक्रम, सहकारी शिक्षा, तालिमहरु साथै विभिन्न कार्यक्रमहरु गरिन्थ्यो तर यो वर्ष यस्ता कार्यक्रमहरु गर्न सकिरहेका छैनौं तैपनि ........

अध्यक्षज्यू, यस संस्थाका संञ्चालक समितिका सदस्य साथीहरु, कर्मचारी साथीहरुको प्रयासमा तयार गरिएको आर्थिक बर्ष २०७६/७७ को प्रतिवेदन अब म यो गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| सि.नं | विवरण | आर्थिक वर्ष २०७५/०७६ | आर्थिक वर्ष २०७६/०७७ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १. | शेयर पूँजी संकलन | ४,२५,२३,०००.०० | ४,४७,८१,१००.०० | **५.३१** |
| २. | वचत (निक्षेप) संकलन | ३५,८७,५४,६३०.८६ | ४०,७०,५८,८४१.२० | **१३.४६** |
| ३. | कर्जा लगानी | ३४,६२,९२,९५१.०० | २९,५४,४५,११९.५६ | **(८.५३)** |
| ४. | शेयर सदस्य बृद्धि | २२०२ | २६०४ | **१८.१६** |
| ५. | वार्षिक आम्दानी | ५५,४९०,९१७.८९ | ६५,५१६,३६५.६७ | **१८.०७** |
| ६. | वार्षिक खर्च | ३७,५३२,७२८.०० | ४१,१९३,४३३.६५ | **९.७५** |

## १. नाफा नोक्सानको स्थितिः

संस्थावाट आर्थिक वर्ष २०७५/०७६ मा रु १ करोड १४ लाख ३ हजार ३९ रुपैयाँ १९ पैसा भएकोमा २०७६/०७७ मा रु १ करोड ७० लाख ७४ हजार ४ सय १६ रुपैयाँ ९१ पैसा रहेको छ । जुन आर्थिक वर्ष २०७४/०७५ को तुलनामा (३३.२२)% ले बढि हो ।

## २. जोखिम ब्यवस्थापन :

संस्थालाई दिर्घकालसम्म जोखिमरहित अवस्थामा राख्नका लागि सहकारी मापदण्ड २०६८ अनुसार कर्जाका लागि कोष तयार गरेको छ । त्यसका लागि आर्थिक वर्ष २०७६/०७७ सम्म रु. १ करोड ३७ लाख ६९ हजार २ सय १० रुपैया ३८ पैसा जोखिम कर्जा ब्यवस्थापन गरेको जानकारी गराउन चाहन्छौ ।

## ३. कार्यालय व्यवस्थापन शिक्षा तथा मानव संशोधन तालिमहरु

कर्मचारीहरु तथा संचालक समितिका सदस्यहरुलाई तालिम तथा गोष्ठीहरुमा समावेश

| क्र.सं | तालिमको नाम | सहभागी | समय अवधि | आयोजक |
|---|---|---|---|---|
| १. | अर्न्तक्रिया कार्यक्रम | संचालक समिति उप समिति र कर्मचारीहरु | २०७६ श्रावण २४ गते | संस्था |
| २. | अर्न्तक्रिया तथा सहकारी शिक्षा तालिम | संस्थापक सदस्यहरु | २०७६ भाद्र ४ गते | संस्था |
| ३. | सहकारी तथा वित्तीय शिक्षा | नयाँ शेयर सदस्यहरु | २०७६ मंसिर ४ गते | संस्था |
| ४ | आर्थिक वर्ष २०७७।०७८ को लागि वार्षिक योजना तर्जुमा र बजेट सम्बन्धी | संचालक समिति र उप समितिहरु | २०७७ असार २८ गते | संस्था |
| ५. | सहकारी शिक्षा तालिम | नयाँ शेयर सदस्यहरु | मंसिर ५ गते | संस्था |
| ६. | राष्ट्रिय सहकारी बैंकको साधारण सभा | संचालक समिति सदस्य नारायण गुरुङ | मंसिर ३ गते | राष्ट्रिय सहकारी |
| ७. | नेफ्स्कूनको साधारण सभा | नारायण गुरुङ | मंसिर ४, ५ | नेफ्स्कुन |

## कर्मचारीहरुले लिएको तालिम विवरण

| क.सं. | तालिमको नाम | सहभागिको नाम | समय अवधि | आयोजक |
|---|---|---|---|---|
| १. | IME Pay Orientation Class | उर्मिला गुरुङ्ग | २०७५ मंसिर १५ गते | IME pay |
| २. | कर्जा तथा जोखिम व्यवस्थापन तालिम | पदम गुरुङ्ग | २०७६ मंसिर २०, २१ | राष्ट्रिय सहकारी |
| ३. | सहकारी क्षेत्रको कर व्यवस्था व्यवहारिक पद्धति तरिका | दुध काशी गुरुङ्ग | २०७७।०१।२८ | NCBC |
| ४. | सहकारीमा तरलता व्यवस्थापन | दुध काशी गुरुङ्ग | २०७७।०२।२० | नेफ्स्कून |
| ५. | सहकारीमा सम्पति शुद्धिकरण | दुध काशी गुरुङ्ग | २०७७।०२।०८ | म्यानेजर्स क्लब |
| ६. | व्यवसायी निरन्तरता कार्ययोजना तालिम | दुध काशी गुरुङ्ग | २०७७।०५।१२ देखी १४ | नेफ्स्कून |

४. कार्यालय व्यवस्थापन तर्फ कार्यालयलाई थप सुरक्षित बनाउनका लागि यस आर्थिक वर्षमा विभिन्न बिमाहरु नविकरण गरिएको छ । जस्तैः भल्ट बिमा, नगद विमा, काउन्टर विमा मार्गस्थमा रहने नगद विमाको व्यवस्था गरिएको छ । संचालक समिति, उप-समिति कर्मचारी र ६५ वर्ष माथिका शेयर सदस्यहरुको लागि कोरोना विमा पनि गरिएको छ भने कर्मचारीहरुलाई सक्षम र क्रियासिल बनाउनका लागि विभिन्न तालिम गोष्ठीहरुमा सहभागी गराउने कार्य गरियो । साथै शेयरधनी सदस्यहरुको लागि विभिन्न कार्यक्रमहरु तथा सहकारी शिक्षा तालिमहरु यस वर्ष सम्पन्न गरियो ।

## ५. विभिन्न नीति तथा कार्यविधिहरुको व्यवस्था

यस आर्थिक वर्षमा थप नीतिहरु २०७६/२०७७ मा कागज धुल्याउने नीति २०७६, निर्वाचन नीति २०७६, स्थिर सम्पत्ति आर्जन तथा व्यवस्थापन नीति २०७६, धितो मूल्याङ्कन कार्यविधि २०७६, सम्पती शुद्धिकरण निवारण आन्तरिक कार्यविधि २०७६ आदि तयार पारिएको छ ।

## ६. सामाजिक उत्तरदायित्व अर्न्तगत सहयोग तथा कार्यक्रम

सहकारी संस्थाको पनि आफ्नो छुट्टै सामाजिक उत्तरदायित्व बहन गर्नपर्ने हुन्छ । यसैलाई मनन गर्दै संस्थाले वि.सं २०६९/०७० देखि सामाजिक उत्तरदायित्व तथा सम्मान कार्यक्रमहरु गरी आईरहेको छ । आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न संघ संस्थाहरुबाट संस्थामा प्राप्त तथा पेश गरिएको प्रस्तावना पत्रको आधारमा संघ संस्थाहरुलाई आर्थिक सहयोग गरियो । ति निम्नानुसार छन् :

- आर्दश समाज आमा समूह, पुरानोधारा - रु. ५०००/-
- बाछीबडुवा बृद्धाश्रम फलफूल तथा म्याट्रेस सहयोग - रु. ११,४००/-
- पोखरा महानगरपालिका कोरोना राहत - रु. १०,५५५/-
- चिउली ग्वोइवो सिक्लेस तमु प्ये ल्यु संघ - रु. ५,५५५/-
- कर्मचारीहरुले आफ्नो तलबबाट कटाई कास्की बचत संघलाई रु. ५०००/- कोरोना राहत कोषमा सहयोग ।
- संस्थाको व्यवस्थापकले रु. १००० CMC, कास्कीलाई कोरोना राहत कोषको लागि सहयोग गरिएको ।
- दुवै मृगौला फेल भएका शेयर सदस्य बुद्धि गुरुङका सहयोगको लागि शेयर सदस्य राहतकोषबाट रु. १०,०००/- (अक्षेरुपी दश हजार) प्रदान गरियो ।

## ७. शेयरधनी सदस्यहरुको लागि संचालन गरिएको अन्य तालिम तथा कार्यकमहरु

- मिति २०७६ साउन २४ गते संस्थाका अध्यक्ष हितमान गुरुङज्युको अध्यक्षतामा संचालक समिति र उप-समिति विच अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरियो ।
- मिति २०७६ मंसिर ४ र ५ गते शिक्षा उप-समिति संयोजक खिम कुमार गुरुङको अध्यक्षतामा नयाँ शेयर सदस्यहरुलाई वित्तीय शिक्षा कार्यकम सम्पन्न गरियो ।
- मिति २०७६ साल मंसिर १७ गते मंगलबार शिक्षा उप-समितिका संयोजक खिम कुमार गुरुङ्गको अध्यक्षतामा चिउली पाचे तमु समाजका आमा समुहका कार्यसमिति सदस्यहरुसंग संयुक्त अन्तरक्रिया कार्यक्रम गरियो ।
- संस्थाको ११ औ वार्षिक उत्सवको अवसरमा रक्तदान कार्यक्रम २०७६ मंसिर २८ गते चिउली पाचे तमु समाजका आमा समितिसंग मिलेरे कार्यालयको अगाडी सम्पन्न गरियो जसमा ४२ युनिट रगत संकलन गर्न सफल भएको ।
- मिति २०७६ मंसिर २९ गते चिउली पाचे तमु समाज आमा समुहका पदाधिकारीसंग संयुत रक्तदान कार्यकमको समिक्षा बैठक सम्पन्न गरियो ।
- मिति २०७६ पौष २० गते शिक्षा उप-समितिका संयोजक खिम कुमार गुरुङको संयोजकमा नयाँ सदस्यहरुलाई वित्तीय शिक्षा कार्यक्रम संचालन गरियो ।
- मिति २०७६ माघ ९ गते चिउली पाचे तमु समाजका आमा समितिका अध्यक्ष पदम शोभा गुरुङको अध्यक्षतामा चिउली पाचेका आमा समितिका सदस्यहरुलाई सहकारी शिक्षा तालिम चिउली पाचे सभा हलमा सहकारीका प्रवन्धक दुधकाशी गुरुङको प्रशिक्षणमा सम्पन्न गरियो ।
- मिति २०७६ माघ ११ गते शनिबार संस्थाका अध्यक्ष हितमान गुरुङको अध्यक्षतामा संस्थाको अर्ध-वार्षिक समिक्षा बैठक सम्पन्न गरियो ।

- मिति २०७६ फल्गुण १४ गतेका दिन शिक्षा उप-समिति संयोजक खिम कुमार गुरुङको संयोजकत्वमा शेयर सदस्यहरुलाई सहकारी शिक्षा तालिम सम्पन्न गरियो ।
- मिति २०७७ साल असार २८ गते शनिबार संस्थाको अध्यक्ष हितमान गुरुङका अध्यक्षतामा वार्षिक योजना तर्जुमा र बजेट निर्माण कार्य गोष्ठी सम्पन्न गरियो ।
- सहकारी अवलोकन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम २०७६ आस्था साकोस र संगम साकोस संचालक समिति उप-समिति सदस्यहरु

## ८. प्रोबेशन कार्यक्रम

- नेफ्स्कूनद्वारा संचालित प्रोवेशन ब्राण्ड गण्डकी क्लस्टरको १० औं कार्य कुशलता तथा सिकाई कार्यशाला गोष्ठी २०७६ भाद्र २२ गते हाम्रो संस्थाको आयोजनामा रोयल दिदी बहिनी किचन, बुद्धचोक, पोखरामा सम्पन्न गरियो ।
- ११ औ कार्य कुशलता तथा सिकाई कार्यशाला गोष्ठी २०७६/०८/२१ गते अन्धकार मुक्ति बचत तथा ऋण सहकारी संस्था रामपुर पाल्पाको आयोजनामा भएको थियो । उक्त कार्यक्रममा हाम्रो संस्थाबाट २ जना प्रबन्धक दुधकाशी गुरुङ र ऋण उप-समिति सदस्य दिनेश गुरुङ सहभागी भएको थियो ।
- १२ औं कार्य कुशलता तथा सिकाई कार्यशाला गोष्ठी २०७६ फागुण ११ गते आस्था बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा भएको थियो । उक्त कार्यक्रममा हाम्रो संस्थाको तर्फबाट प्रबन्धक दुधकाशी गुरुङ र कोषाध्यक्ष शम्शेर गुरुङ सहभागी भएको थियो ।
- प्रोवेशन कार्यदलको वैठक ५ पटक बसेको थियो ।

## ९. बैठक

यस आर्थिक वर्ष २०७६/०७७ मा संचालक समितिको नियमित मासिक बैठक ११ पटक बसेको छ, संयुक्त बैठक ५ पटक र विशेष वैठक ४ पटक गरियो । यस आर्थिक वर्ष २०७६/०७७ मा लेखा सुपरिवेक्षण समितिको ५ पटक शिक्षा उप-समितिको २ पटक र ऋण लगानी तथा असुली उप-समितिको वैठक ११९ पटक बसेको थियो ।

## १०. श्रद्धाञ्जली

हाम्रो शेयर सदस्य पिरु कुमारी गुरुङको दुखद निधन भएको छ भने साथै संस्थापक अध्यक्ष रसकुमारी गुरुङको सासु दुजा गुरुङ, संस्थापक सदस्य चन्द्रमाया गुरुङको आमा पस कुमारी गुरुङ, शेयर सदस्य सुरज कुमार गुरुङको आमा काँशीरी गुरुङसेनी, शेयर सदस्य शान्ता खनालको बाबा पूर्ण बहादुर क्षेत्री, शेयर सदस्य खुदी

लक्ष्मीको श्रीमान् मे. दिपक गुरुङ, शेयर सदस्य राजेन्द्र ध्वजुको बाबा ऋतु बहादुर ध्वजु, शेयर सदस्य भिमकाजी गुरुङको बाबा सु. रण बहादर गुरुङको निधन भएको छ भने अन्य हाम्रो शेयर सदस्यज्यूहरुको आफन्तजनहरुको निधन भएकोमा हाम्रो संस्थाको तर्फबाट सबै प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

## ११. सम्मान कार्यक्रम

- सहकारी संस्थाको पनि आफ्नो छुट्टै सामाजिक उत्तर दायित्व वहन गर्नु पर्ने हुन्छ । यसैलाई मनन गर्दै संस्थाले २०६९/०७० देखि सामाजिक उत्तरदायित्व तथा सम्मान कार्यक्रमहरु गरिआईरहेको छ ।
- यस संस्थाले प्रत्येक वर्ष आफना सदस्यहरुबाट उत्कृष्ट सदस्य सम्मान गर्दै आएकोमा गत आर्थिक वर्ष २०७६/०७७ मा उत्कृष्ट सदस्यको रुपमा सम्मान गरियो ।
- संस्थाको ज्येष्ठ सदस्यलाई सम्मान गर्ने कार्यक्रम अनुसार गत आर्थिक बर्ष २०७६/०७७ मा पनि जेष्ठ सदस्यलाई सम्मान गरियो ।
- यस संस्थाले प्रत्येक वर्ष आफ्ना कर्मचारीबाट उत्कृष्ट कर्मचारी सम्मान गर्दै आएकोमा गत आर्थिक वर्ष २०७६/०७७ मा उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरियो ।
- संस्थाका शेयरधनी सदस्यहरुका छोरा छोरीलाई प्रवेशिका परिक्षा, १२ कक्षा तथा उच्च तहमा उत्कृष्ट शिक्षा हासिल गरेको छोराछोरीहरुलाई सम्मान गरियो ।
- विगतमा जस्तै अन्तर सहकारी सम्बन्ध बढाउने कार्यक्रमहरुमा सहभागी हुने आवश्यकता र माग अनुसार लगानीको क्षेत्र पहिचान गरि कार्यक्रमहरु संचालन गरियो ।

अध्यक्षज्यू,

अन्त्यमा यस गरिमामय साधारण सभामा आफ्नो अमूल्य समय दिई उपस्थित हुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्युहरु, शुभचिन्तक शेयरधनी सदस्यज्यूहरु सबैमा पुनः हार्दिक आभार व्यक्त गर्दै यो प्रतिवेदन यस सभामा छलफल गरी अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।
जय दूध पोखरी सहकारी ।

कौशिला गुरुङ
सचिव

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

**पोखरा-१२, माटेपानी**

**स्था: २०६५**

## १२ औं वार्षिक साधारण सभामा कोषाध्यक्ष कप. सम्सेर गुरुङ द्वारा आर्थिक वर्ष २०७६/०७७ को आर्थिक प्रतिवेदन तथा २०७७/०७८ को प्रस्तावित बजेट

आदरणीय शेयर सदस्यज्यूहरु आज हामी हाम्रो संस्था दूध पोखरी साकोसको १२ औं साधारण सभाको कार्यक्रमलाई भव्य रुपमा मनाउनको लागि समय र परिस्थितिले हामीलाई साथ दिएन, कारण कोभिड-१९ को कहरले विश्वलाई हल्लाई रहेको वेलामा नेपालमा पनि यसको संक्रमण दिन प्रति दिन बढी रहेकोछ ।

नेपाल सरकारको आदेश र दिशानिर्देशन अनुसार यसबाट बच्नेको प्राथमिक उपाय नै भिडभाडमा नजानु, सभा, सम्मेलन, पार्टी भेला नगर्नु भएकोले विगतमा झैँ हामी यो वर्ष साधारण सभाको कार्यक्रमलाई सबै सदस्यहरुको हात हातमा प्रतिवेदन पुऱ्याएर मात्र सिमित हुनुपर्यो । यो हाम्रै लागि हो "ज्यान छ त जहान छ", हामी सबै यस महामारीबाट बचौं र बचाऔं, अर्को साल हामी धुमधामका साथ मनाउला ।

आदरणीय शेयर सदस्यज्यूहरु कोभिड-१९ (को कारण ११ चैत्र २०७६ बाट नेपाल अधिराज्यभर बन्दाबन्दीको कारण जसरी हरेक क्षेत्रलाई यसले प्रभावित गरेको छ त्यसरी नै सहकारी (वित्तीय कारोबार) संस्थाहरुलाई पनि यसले नराम्ररी असर पारेको सबैलाई सर्वबिदितै छ । फेरि पनि हाम्रो कार्यसमिति, कर्मचारीहरु र ऋण उप-समितिको मेहनतले गर्दा आ.व. ०७६/०७७ को वित्तीय आय आर्जन परिणाम सन्तोषजनक भएकोमा हामी खुशी छौं । यो सब तपाई शेयर सदस्यज्यूहरुको साथ र सहयोगले भएको हो ।

आदरणीय शेयर सदस्यज्यूहरु यस संस्था हामी सबैको हो । सबैले यो कुरा बुझ्न जरुरी छ, हामीले आफ्नो संस्थामा कारोबार गरेमा मात्र त्यसको प्रतिफलमा बृद्धि हुने कुरा हो र

त्यसको फाइदा हामीले नै पाउने हो । यो पनि स्पष्ट हुनुपर्छ । जसले धेरै कारोबार गर्नु भएकोछ । उसले बढी लाभांश पाउनु हुनेछ भन्ने बारे सबैलाई स्पष्ट जानकारी भएको छ

आदरणीय शेयर सदस्यज्यूहरु समय सापेक्ष नीति, विधि र प्रविधिको साथै समुदायको दिगो विकासको लागि उत्कृष्ट सहकारी संस्था बनाउने हाम्रो लक्ष्य हो ।

सौभाग्यको कुरा हो यहाँहरुको साथ र सहयोगको सदा अपेक्षा गर्दै विगतमा ५२ जना शेयर सदस्यज्युहरुबाट रु. ५,२०,०००/- संकलन शेयर पूँजी परिचालन गर्न कसरी गर्ने, के गर्ने, के नगर्ने अन्यौलमा थियो, दोधारमा थियो, आदि-आदि समस्याहरुसँग लडिबुडि खेल्दै शुरुवात गरेको यो संस्था आज १२ औं बर्षमा आई पुग्दा हाम्रो शेयर पुँजी रु. ४४,७८१,१००.०० र कुल सम्पति ५१५,६८०,७४८.९९ हुनु या पुग्नु हाम्रो लागि ठुलो उपलब्धि हो जस्तो मलाई लाग्छ ।

आदरणिया शेयर सदस्यज्यूहरु,
त्यस्तै प्रकार हाम्रो यो साकोसको लागि तपाई हामीबाट संकलित शेयर पूँजी, अहिलेसम्मको जगेडा कोष यानि संस्थागत पूँजीको यो हाम्रो संस्थाको स्तम्भ (पिलर)मा ईच्छ्याईको महल (घर) ले पूर्णता तब पाउँछ । यानी वित्तीय संस्थाले प्रगतिका साथ सन्तोषजनक आम्दानीका तब पाउँछ जब तपाई हामी शेयर सदस्यहरुले यस संस्थामा निरन्तर कारोबार गरिन्छ, अनि दैनिक र मासिक बचत गर्छ । यो दैनिक र मासिक बचत संस्थाको लागि मलजल हो, मलजलबाट नै उत्पादनमा बृद्धि हुन्छ । यो सबैलाई थाहा भएको कुरा हो, साथै सबभन्दा ठूलो मजबुति हामीले जगेडा कोषलाई गर्नुपर्छ भन्ने बारे सबैले महसुस गर्नुपर्छ, किनकि यसलाई हामीले बिना ब्याज दिई लगानी गर्न पाउछ जसले हाम्रो आम्दानीमा बृद्धि गराउनुको साथै संकट पर्दा, समस्या पर्दा यसले हाम्रो संस्थालाई बचाउँछ । अनि मासिक बचतको सन्दर्भमा भन्नु पर्दा सबै शेयर सदस्यज्यूहरुले निरन्तर मासिक बचत गर्नुपर्छ यसको लागि हामीले नीतिमा केही सुधार गर्नुपर्छ । यस विषयमा बिस्तृत छलफलको जरुरी छ हिजो हामीले बुझेका थिएनौ, अहिले बुझेर पनि त्यहीमा सिमित भई रह्यौ भने सम्भव न्यून मै सिमित रहनेछ । यति भन्दै यहाँहरु समक्ष म आर्थिक वर्ष २०७६/०७७ को आर्थिक प्रतिवेदन तथा २०७७/०७८ को प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. आ.व. २०७६।७७ को आर्थिक प्रतिवेदन

१.१. प्रस्तावित कार्यक्रममा भएको प्रगती

| क्र.सं. | शिर्षक | प्रस्तावित बजेट | प्रगती |
|---|---|---|---|
| १. | शेयरपूँजी | ३,०७२,६५०.०० | २,४७४,१००.०० |
| २. | **निक्षेप/बचत व्यवस्थापन**<br>● बचत संकलन<br>● बचत फिर्ता | <br>१६१,६५९,९३२.००<br>१०७,८२७,०८४.०० | <br>१,१२०,४१०,५४३.००<br>१,०७२,१०६,३३३.०० |
| ३. | कर्जा लगानी व्यवस्थापन<br>● कर्जा लगानी<br>● कर्जा असुली | <br>७०,१०३,१०४.००<br>५३,७९३,९४३.०० | <br>१८९,४१३,९८४.००<br>२४०,२६१,८१६.०० |
| ४. | **कार्यालय व्यवस्थापन, शिक्षा, तालिम तथा मानव संशोधन कार्यक्रम**<br>● विभिन्न संघसंस्थाले आयोजना गरेको तालिम तथा कार्यक्रममा सहभागी<br>● संस्थाको रणनीतिक योजनाका समिक्षा गर्ने<br>● संस्थालाई आवश्यक थप विभिन्न नीतिहरुको निर्माण<br>● विभिन्न खालको सचेतनामुलक कार्यक्रमहरुको आयोजना<br>● सहकारी शिक्षा कार्यक्रम | ५९९,१०२.०० | १४४,४५१.०० |
| ५. | **उत्सव तथा समारोहका लागि**<br>● दशैं, तीज, नारी दिवस, सहकारी दिवस<br>● सहकारी बनभोज<br>● अन्य थप कार्यकम | ५६३,७६२.०० | १००,९३५.०० |

| | | | |
|---|---|---|---|
| ६. | **कार्यालय सम्पत्ति खरिद**<br>● कम्प्युटर तथा प्रोजेक्टर<br>● सहकारी सफ्टवेयर<br>● अन्य थप सामानहरु<br>● प्रिन्टर<br>● चेक प्रिन्टर<br>● लाईब्रेरी र्याक<br>● सोफा<br>● भित्तेघडी<br>● हिटर<br>● टेम्प्रेचर गण | २३२,०००.०० | १७२,१९४.०० |
| ७. | **सामाजिक उत्तरदायित्व /सामुदायिक गतिविधि**<br>● सरसफाई कार्यक्रम<br>● सदस्यहरुको लागि विभिन्न हेल्थ कार्यकम तथा रक्तदान कार्यक्रम<br>● विभिन्न संघसंस्थाबाट प्राप्त प्रस्तावनाहरुलाई आवश्यकता अनुसार सहयोग<br>● अन्य कार्यक्रम | ११९,०५०.०० | ५२,,३३०.०० |

## १.२. आम्दानी तर्फ

| आम्दानीको शीर्षक | २०७६।७७ को थप लक्ष्य | २०७६।७७ को प्रगति | भिन्नता आउनको कारण |
|---|---|---|---|
| ऋण लगानीमा ब्याँज | ५३,०६८,९५९ | ५०,६८५,०१० | बन्दाबन्दीले गर्दा असुली तथा लगानी दुबैमा कठिनाई |
| ब्याज (बैंक) | ६,३३०,२४३ | १०,०७७,४९७ | तरलता बढी भएकोले बैंकमा मुद्दतीमा राखिएकोले |
| सेवा तथा अन्य शुल्क | ३,४०७,७१८ | २,४५९,१९४ | बन्दाबन्दीले गर्दा लगानी गर्न नपाएकोले |
| सदस्यता शुल्क | ४२,५५० | ३०,४०० | बन्दाबन्दीले गर्दा लगानी गर्न नपाएकोले |
| घरभाडा आम्दानी | १७२,०४० | १६१,८४० | |
| लाभांस आम्दानी | ५६,३३० | १९१,४४८ | |
| हर्जाना आम्दानी | २७९,५३१ | ३८७,८०१ | सोचे भन्दा धेरै ऋणीहरुले समयमा भुक्तानी नगरकोले |
| अग्रिम भुक्तानी शुल्क | ६३,९५३ | २४०,६२८ | बढी ऋण भुक्तानी समयावधि अघिनै भएकोले |
| एस.एम.एस.शुल्क आम्दानी | ८,९७० | १९,८०० | बन्दाबन्दीको कारण सोचेभन्दा बढी प्रविधिको प्रयोग गरिएकोले |
| कमिशन | ४३९,१७४ | ३६४,०९५ | बन्दाबन्दीले गर्दा कार्यालय बन्द भई कारोबार नभएकोले |
| एस.एम.एस. कमिशन | १०,२१७ | ३६,२४१ | बन्दाबन्दीको कारण सोचेभन्दा बढी प्रविधिको प्रयोग गरिएकोले |
| अन्य आम्दानी | ४४,०६७ | ३६६,६४७ | सां बन्दाबन्दीले गर्दा |
| खाताबन्दी शुल्क | ८०५ | ३०० | |
| कर्मचारी बोनस | | ४९५,४६४ | कर्मचारीलाई बाँडेर बाँकी रहेको रकम आम्दानी बादिएकोले |
| **जम्मा आय** | **६३,९२४,५५७** | **६५,५१६,३६६** | |

## १.३. खर्च तर्फ

| खर्चको शीर्षकहरु | २०७६/७७ को थप लक्ष्य | २०७६/७७ को प्रगति | भिन्नता आउनको कारण |
|---|---|---|---|
| **पूँजीको लागतः** | | | |
| बचतमा ब्याज | ३६,४४७,६९२ | ३५,९८६,३७० | |
| बाह्य ऋणमा ब्याज | | | |
| अन्य खर्चहरु | | | |
| **पूँजीको लागत (क)** | **३६,४४७,६९२** | **३५,९८६,३७०** | |
| **संचालन खर्चहरुः** | | | |
| **कर्मचारी खर्च (अ)** | **३,९७६,१३२** | **२५२६११२** | |
| कर्मचारी तलब | २,७९५,९८९ | १७५०९४७ | तीन जना कर्मचारीले आर्थिक वर्षको बीचमा छोडि गएको हुनाले |
| सञ्चयकोष | २६९,१६८ | १५३,३१९ | |
| अन्य भत्ताहरु | ५८१,६९० | ४२८०२१ | |
| दशै खर्च | २२८,२७५ | ११७,५६६ | |
| अन्य कर्मचारी खर्च | १०१,०१० | ७६२६० | |
| **अन्य संचालन खर्च (आ)** | **२,१७८,३२७** | **२,७६५,०१९** | |
| घरभाडा | २४६,९४३ | २७५,८८३ | असार महिनाको मिलान गरिएकोले |
| यातायात तथा ईन्धन | ३४,३०८ | २३,५५० | |
| पानी | ७,६६८ | ९,९५५ | धारामा पानी नआएकोले ट्याङ्करको पानी किन्नुपर्ने भएकोले |
| विजुली | १७,५६७ | ३३,८४६ | नाईट गार्ड परिवार सहित बसेकोले बढी खपत भएको |
| मसलन्द तथा छपाई | १३५,०२७ | १९३,६४६ | अघिल्लो वर्षको स्टोकमा रहेको मसलन्द र छपाईलाई यो वर्ष खर्च बुक गरिएकोले |
| अतिथि सत्कार | २,५३२ | | |
| सुरक्षा खर्च | २३५,१७६ | २२३,७४० | |
| मर्मत तथा सम्भार | ६२,८८९ | ६०,४६३ | |

| | | | |
|---|---|---|---|
| बिमा खर्च | १७,८५७ | ३३,५३० | योजना नगरिएको कोरोना बिमा थपिएकोले |
| लेखा परिक्षण शुल्क | १०४,५०० | १००,००० | |
| सदस्यता शुल्क | ११,३२८ | १२,०१० | |
| बैठक भत्ता | १५३,६४८ | १५०,२०० | |
| साधारण सभा | ७०५,४९६ | ७५७,३०९ | खाद्यान्न महंगो भएकोले |
| फोन, संचार खर्च | ८२,५९४ | ६४,२९१ | |
| खाजा खर्च | २१४,६८३ | १७१,६४१ | |
| एस.एम.एस. खर्च | २३,००० | | |
| सफ्टवयर नविकरण | | ९०,४०० | बजेट योजनामा छुटेको |
| क्लाउड खर्च | ८४,३५३ | ७८,८२९ | |
| एस.एम.एस. कमिशन | १०,२१७ | ३६,२४२ | बन्दा बन्दीको कारण बढी खपत भएकोले |
| कार्यालय खर्च | १,२५१ | ३२,१६४ | कोभिड - १९ को कारण ग्लोब्स, माक्स, सेनिटाईजर, थर्मोगन आदिको बढी खपत भएकोले |
| बैक क्लीरिङ्ग चार्ज | २,०८२ | १,९९० | |
| स्थिर सम्पत्ति ह्ासकट्टी | | ३७७,७३७ | बजेट योजनामा छुटेको |
| अन्य खर्च | २५,२०८ | ३७,५९३ | |
| नीति तथा कार्यविधि तयारी खर्च | | | |
| **संचालन खर्च (ख=अ+आ)** | **६,१५४,४५९** | **५,२९१,१३१** | |
| समारोह र उत्सवहरु (Function and Events) | ५६३,७६२ | १००,९३५ | बन्दा बन्दीको कारण धेरै योजना गरिएको कार्यक्रमहरु गर्न नसकिएकोले |
| कार्यालय व्यवस्थापन, शिक्षा र तालिम | ५९९,१०२ | १४४,४५१ | |

| | | | |
|---|---|---|---|
| सामाजिक कार्य | ११९,०५० | ५२,३३० | बन्दा बन्दीको कारण धेरै योजना गरिएको कार्यक्रमहरु गर्न नसकिएकोले |
| **कार्यक्रम खर्च (ग)** | १,२८१,९१४ | २९७,७१६ | |
| **जोखिम कोष खर्च** | | | |
| ऋण जोखिम कोष खर्च | ५००,००० | | |
| अन्य जोखिम कोष खर्च | | | |
| **जोखिम खर्च (घ)** | ५००,००० | | |
| **जम्मा खर्च (क+ख+ग+घ)** | ४३,८८४,०६५ | ४१,५७५,२१७ | |
| **नाफा** | २०,०४०,४९२ | २३,९४१,१४९ | |

## २. बजेट रकमान्तर

| क्र. सं. | नपुग खर्च शीर्षक | रकम | शिर्षकबाट रकमान्तर | रकम | कैफियत तथा औचित्य |
|---|---|---|---|---|---|
| १. | घरभाडा | २८९४० | समारोह र उत्सव | २८९४० | |
| २. | बत्ती | १६२७९ | फोन संचार खर्च | १६२७९ | |
| ३ | पानी | २२८७ | मर्मत तथा सम्भारबाट | २२८७ | |
| ४. | मसलन्द र छपाई | ५८६१९ | समारोह र उत्सव | ५८६१९ | |
| ५. | बीमा | १५६७३ | खाजा खर्च, बैठक भत्ता | १२१३०+३५४३ | |
| ६. | साधारण सभा | ५१८१३ | समारोह र उत्सव | ५१८१३ | |
| ७. | सफ्टवयर नवीकरण | ९०४०० | समारोह र उत्सव | ९०४०० | |
| ८ | एस.एम.एस कमिशन | २६०२५ | एस.एम.एस. र क्लाउड खर्चबाट | २६०२५ | |
| ९. | कार्यालय खर्च | ३०९१३ | खाजा खर्च | ३०९१३ | |
| १०. | अन्य खर्च | १२३८५ | सुरक्षा खर्च र मर्मत तथा सम्भार | १२३८५ | |
| ११. | स्थिर सम्पत्ति ह्रासकट्टी | ३७७,७३७ | कार्यलय व्यवस्थापन, शिक्षा र तालिम | ३७७,७३७ | |

३. सहकारी संस्था स्थानीय तह मातहत हुने भएकोले सो को लागि व्यवस्थापन तथा समन्वयले यस संस्था विगतदेखि नै वार्षिक कार्ययोजना तथा बजेट तयारी गरी यस सभा समक्ष पेश गरी सो को स्वीकृति गरी कार्यान्वयन गर्दै आएको व्यहोरा अनुरोध गर्दै यस संस्थाको २०७७/७८ को कार्ययोजना तथा कार्यक्रम र अनुमानित बजेट निम्न अनुसार तयार गरी स्वीकृतिको लागि प्रस्ताव पेश गर्दछु ।

## शेयर बृद्धिको अनुमान

| क्र. सं. | विवरण | मिति २०७७।०३।३१ सम्म | | २०७७।७८को थप लक्ष्य | | २०७६।७७ सम्मको जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १. | थप (नयाँ सदस्य तथा शेयर) | २,६०२ | ४५,९८७,५०० | २९५ | १,९००,००० | २,८९७ | ४७,८८७,५०० |
| २. | पुरानो सदस्यबाट थप | - | - | ३०० | १,१८०,००० | ३०० | १,१८०,००० |
| | जम्मा | **२,६०२** | **४५,९८७,५००** | **२९५** | **३,०८०,०००** | **२,८९७** | **४९,०६७,५००** |
| ३. | शेयर फिर्ता | १३३ | १,२०६,४०० | ५० | १,८५२,००० | १८३ | ३,०५८,४०० |
| **खुद अवस्था** | | **२,४६९** | **४४,७८१,१००** | **२४५** | **१,२२८,०००** | **२,७१४** | **४६,००९,१००** |

## बचत थप तथा फिर्ताको अनुमान

| बचत थप | | | |
|---|---|---|---|
| **विवरण** | **२०७७।०४।३१ सम्म** | **२०७७।७८ को थप लक्ष्य** | **२०७७।७८ सम्मको जम्मा** |
| नियमित मासिक बचत | १५,६२६,९४९ | ९,२४०,००० | २४,८६६,९४९ |
| बाल बचत | ६,८९४,७०९ | ४,२००,००० | ११,०९४,७०९ |
| दैनिक बचत | १८८,००१,८१९ | ९०,०००,००० | २७८,००१,८१९ |
| आवधिक | ५९३,७८७,७०० | ३००,०००,००० | ८९३,७८७,७०० |

| | | | |
|---|---|---|---|
| दूध पोखरी बचत | ७०३,३७८,५२१ | ३६०,०००,००० | १,०६३,३७८,५२१ |
| दूध पोखरी विशेष बचत | २०,०३५,६५२ | ९,६००,००० | २९,६३५,६५२ |
| जेष्ठ नागरिक बचत | १७,८७७,३५३ | १०,८००,००० | २८,६७७,३५३ |
| शेयर सदस्य बचत | ६३७,४३९,८८१ | ४२०,०००,००० | १,०५७,४३९,८८१ |
| कर्मचारी बचत खाता | १,४१९,०७७ | १,९८०,००० | ३,३९९,०७७ |
| बचत खाता | १३,६८१,७५८ | ३,६००,००० | १७,२८१,७५८ |
| **जम्मा** | **२,१९८,१४३,४२०** | **१,२०९,४२०,०००** | **३,४०७,५६३,४२०** |
| **बचत फिर्ता** | | | |
| **विवरण** | **२०७७।०४।३१ सम्म** | **२०७७।७८ को थप लक्ष्य** | **२०७७।७८ सम्मको जम्मा** |
| नियमित मासिक बचत | १,७२४,२१० | २५०,००० | १,९७४,२१० |
| बाल बचत | १,९२३,८१६ | १६,०००,००० | १७,९२३,८१६ |
| दैनिक बचत | १७२,४७७,९९० | ८४,०००,००० | २५६,४७७,९९० |
| आवधिक | ३६९,८९७,५७८ | २१६,०००,००० | ५८५,८९७,५७८ |
| दूध पोखरी बचत | ६२१,०८८,३०४ | ३८४,०००,००० | १,००५,०८८,३०४ |
| दूध पोखरी विशेष बचत | १८,९२५,१०८ | ७,२००,००० | २६,१२५,१०८ |
| जेष्ठ नागरिक बचत | १०,९६२,३३४ | ४,८००,००० | १५,७६२,३३४ |
| कर्मचारी बचत खाता | १,२६८,४६० | १,४०४,००० | २,६७२,४६० |
| बचत खाता | ११,५७५,११७ | ६,०००,००० | १७,५७५,११७ |
| शेयर सदस्य बचत | ५८१,२४१,६६४ | ३३६,०००,००० | ९१७,२४१,६६४ |
| **जम्मा** | **१,७९१,०८४,५८२** | **१,०५५,६५४,०००** | **२,८४६,७३८,५८२** |
| **बचतको अवस्था** | **४०७,०५८,८३८** | **१५३,७६६,०००** | **५६०,८२४,८३८** |

## अनुमानित आय व्यय विवरण

| आम्दानी शीर्षक | मिति २०७७।०३।३१ सम्म | २०७७।७८ को लक्ष्य |
|---|---|---|
| ऋण लगानीमा ब्याजँ | ५०,६८५,०१० | ५६,७६७,२११ |
| ब्याज (बैंक) | १०,०७७,४९७ | ११,२८६,७९७ |
| सेवा तथा अन्य शुल्क | २,४५९,११४ | २,७५४,२९७ |
| सदस्यता शुल्क | ३०,४०० | ३४,०४८ |
| घरभाडा आम्दानी | १६१,८४० | १८१,२६१ |
| लाभांस आम्दानी | १९१,४४८ | २१४,४२२ |
| हर्जाना आम्दानी | ३८७,८०१ | ४३४,३३७ |
| अग्रिम भुक्तानी शुल्क | २४०,६२८ | २६९,५०३ |
| एस.एम.एस.शुल्क आम्दानी | १९,८०० | २२,१७६ |
| कमिशन | ३६४,०९५ | ४०७,७८६ |
| एस.एम.एस. कमिशन | ३६,२४१ | ४०,५९० |
| अन्य आम्दानी | ३६६,६४७ | ४१०,६४५ |
| खाताबन्दी शुल्क | ३०० | ३३६ |
| कर्मचारी बोनस | ४९५,४६४ | ५५४,९२० |
| **जम्मा आय** | **६५,५१६,३६६** | **७३,३७८,३३०** |
| **खर्च शीर्षक** | | |
| **पूँजीको लागतः** | | |
| बचतमा ब्याँज | ३५,९८६,३७० | ४०,३०४,७३४ |
| बाह्य ऋणमा ब्याँज | | |
| अन्य खर्चहरु | | |
| **पूँजको लागत (क)** | **३५,९८६,३७०** | **४०,३०४,७३४** |
| **संचालन खर्चहरुः** | | |
| **कर्मचारी खर्च** | **४,४४२,८८९** | **३,६३८,००५** |
| कर्मचारी तलब | १,७५०,९४७ | १,८६९,३०० |
| सञ्चय कोष | १५३,३१९ | १८६,९३० |
| अन्य भत्ताहरु | ४२८,०२१ | ५१६,००० |
| दशै खर्च | ११७,५६६ | १५५,७७५ |
| अन्य कर्मचारी खर्च | ७६,२६० | १०,००० |
| कर्मचारी बोनस खर्च | १,९१६,७७७ | ९००,००० |
| **अन्य संचालन खर्च** | | |
| **अन्य संचालन खर्च (आ)** | **२,७६५,०१९** | **३,१०७,७३१** |
| घरभाडा | २७५,८८३ | ३०८,९८९ |
| यातायात तथा ईन्धन | २३,५५० | २६,३७६ |
| पानी | ९,९५५ | ११,१५० |

| | | |
|---|---|---|
| विजुली | ३३,८४६ | ३७,९०८ |
| दैनिक भ्रमण भत्ता खर्च | | - |
| मसलन्द तथा छपाई | १९३,६४६ | २१६,८८४ |
| सुरक्षा खर्च | २२३,७४० | २५०,५८९ |
| मर्मत तथा सम्भार | ६०,४६३ | ६७,७१९ |
| बिमा खर्च | ३३,५३० | ३५,००० |
| लेखा परिक्षण शुल्क | १००,००० | १००,००० |
| ह्रास खर्च | ३७७,७३७ | ४२३,०६५ |
| सदस्यता शुल्क | १२,०१० | १३,४५१ |
| बैठक भत्ता | १५०,२०० | १६८,२२४ |
| साधारण सभा | ७५७,३०९ | ८४८,१८६ |
| फोन, संचार खर्च | ६४,२९१ | ७२,००६ |
| खाजा खर्च | १७१,६४१ | १९२,२३८ |
| एस.एम.एस. खर्च | | - |
| सफ्टवेयर नवीकरण | ९०,४०० | ९५,००० |
| क्लाउड खर्च | ७८,८२९ | ८०,००० |
| एस.एम.एस. कमिशन | ३६,२४२ | ४०,५९१ |
| कार्यलय खर्च | ३२,१६४ | ३६,०२४ |
| बैक क्लीरिङ्ग चार्ज | १,९९० | २,२२९ |
| अन्य खर्च | ३७,५९३ | ४२,१०४ |
| नीति तथा कार्यविधि तयारी खर्च | | १०,००० |
| ई-टेलर, (Qr-code) जस्ता नयाँ नयाँ कार्यक्रमहरु कार्यान्वयन गर्ने | | ३०,००० |
| **संचालन खर्च (ख=अ+आ)** | **७,२०७,९०८** | **६,७४५,७३६** |
| समारोह र उत्सवहरु | १००,९३५ | ७०,००० |
| कार्यलय व्यवस्थापन, शिक्षा र तालिम | १४४,४५१ | १२०,००० |
| सामाजिक कार्य | ५२,३३० | ५०,००० |
| **कार्यक्रम खर्च (ग)** | **२९७,७१६** | **२४०,०००** |
| **जोखिम कोष खर्च** | | |
| ऋण जोखिम कोष खर्च | | ५००,००० |
| अन्य जोखिम कोष खर्च | | |
| **जोखिम खर्च (घ)** | | ५००,००० |
| **जम्मा खर्च (क+ख+ग+घ)** | **४३,४९१,९९४** | **४७,७९०,४७०** |
| **नाफा** | **२२,०२४,३७२** | **२५,५८७,८५९** |

**थप ऋण लगानीको अनुमान**

| विवरण | मिति २०७७।३।३१ सम्म | २०७७।७८ को लक्ष्य | २०७८ असार मसान्तसम्म |
|---|---|---|---|
| व्यवसायिक ऋण | ५०,०८८,५१३ | १५,०२६,५५४ | ६५,११५,०६८ |
| शैक्षिक ऋण | १९,५३६,३२७ | ५,८६०,८९८ | २५,३९७,२२५ |
| समूह जमानी ऋण | ४५८,८२८ | १३७,६४८ | ५९६,४७६ |
| हायर पर्चेज ऋण | १३,६८५,६४२ | ४,१०५,६९३ | १७,७९१,३३५ |
| घरजग्गा ऋण | १४८,३९४,३५९ | ४४,५१८,३०८ | १९२,९१२,६६६ |
| विविध ऋण | ४३,६६०,४३५ | १३,०९८,१३० | ५६,७५८,५६५ |
| व्यक्तिगत ऋण | ९,८५०,५५७ | २,९५५,१६७ | १२,८०५,७२३ |
| कृषि ऋण | २,०९८,३२८ | ६२९,४९८ | २,७२७,८२६ |
| वैदेशिक ऋण | ७,६७२,१३१ | २,३०१,६३९ | ९,९७३,७७० |
| **जम्मा** | **२९५,४४५,१२०** | **८८,६३३,५३६** | **३८४,०७८,६५५** |

आ.व. २०७७/७८ को स्थिर सम्पत्ती खरिद विवरण

| क.स. | सम्पत्तिको नाम | संख्या | मुल्य |
|---|---|---|---|
| १. | कम्प्युटर खरिद | १ | ५५००० |
| २. | चेक प्रिन्टर | १ | २५००० |
| ३. | व्यवस्थापकको कुर्सी | १ | ५००० |
| ४. | अन्य आवश्यक सम्पत्ति | | ३०००० |
| | | **जम्मा** | ११५००० |

अध्यक्षज्यु

